सुनकोशी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

मुलखर्क, ओखलढुङ्गा

कोशी प्रदेश, नेपाल

सूचना नं. ५-२०८३/८४

*"संस्कृति, पर्यटन, कृषि र पूर्वाधारः समावेशी सुनकोशी समृद्धिको आधार"*

## सहकारी संस्थाहरुले विवरण पेश गर्ने सम्बन्धी सूचना ।

(प्रकाशित मिति २०८३/०४/०१)

प्रस्तुत विषयमा सुनकोशी गाउँपालिका भित्र सञ्चालनमा रहेका सहकारी संस्थाहरुले अनिवार्य रुपमा सुनकोशी गाउँपालिकाको सहकारी ऐन, २०७५ को दफा ५२ बमोजिम तपसिलकाका विवरण समावेश गरी मिति २०८३ भाद्र मसान्तसम्म यस गाउँपालिकामा पेश गर्नुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

१. कारोबारको चौमासिक र वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन
२. वार्षिक कार्यक्रम नीति तथा योजना,
३. खुद बचत सम्बन्धी नीति तथा योजना,
४. सञ्चालक समितिको विवरण,
५. साधारणसभा र सञ्चालक समितिको बैठकको निर्णयहरुको प्रतिलिपि,
६. शेयर सदस्य सङ्ख्या र शेयरपूँजी,
७. सञ्चालक वा सदस्यले लिएको ऋण तिर्न बाँकी रहेको रकम,
८. संस्थाको बचत, ऋण र लगानीको वार्षिक विवरण,
९. सहकारी संस्थाले बनाएको कार्यविधिहरु।

लोकेन्द्र बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत